**ईश्वरपुर नगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय**
**ईश्वरपुर, सर्लाही**
**२ नं. प्रदेश, सर्लाही**

## आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हान गरिएको सूचना

दोस्रो पटक प्रकासित मिति : २०७५।०४।०२

ईश्वरपुर नगरपालिकाले आ.ब. २०७५/०७६ को लागि आन्तरिक आय संकलन गर्न तपसिल बमोजिम ठेक्का बन्दोबस्त गर्नु परेकोले ईच्छुक व्यक्ति तथा फर्मबाट देहाय बमोजिमका शर्तको अधिनमा रही सिलबन्दी दरभाउ पत्र आव्हान गरिन्छ ।

१. दरभाउ पत्र फारम तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी सूचना प्रथम पटक प्रकासित भएको मितिले ७ औं दिन कार्यालय समयसम्म यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।
२. खरिद गरेको दरभाउ पत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजेसम्म सिलबन्दी गरी खाम बाहिर विवरण प्रष्ट खुलाई यस कार्यालयमा छुट्टाछुट्टै दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउ पत्र हरु कार्यालय प्रतिनिधि तथा दरभाउ पत्र दाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा दर्ता गर्ने अन्तिम दिन दिनको अपरान्ह २:०० बजे ईश्वरपुर नगरपालिका कार्यालयमा खोलिनेछ । दरभाउ पत्र दाता तथा निजको प्रतिनिधी उपस्थित नभए पनि दरभाउ पत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।
३. दरभाउ पत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश : लगतै कार्यालय खुलेको दिन हुनेछ ।
४. दर्ता भएका दरभाउ पत्र हरु उपर दरभाउ पत्र दर्ता हुने अन्तिम मितिको भोलिपल्ट निर्णय हुनेछ । केरमेट गरी सही नगरेको, सहीछाप नभएको म्याद नाघी पर्न आएको दरभाउ पत्र स्वीकृत गरिने छैन ।
५. दरभाउ पत्र दर्ता नेपाली नागरिक भए आफुले कबुल गरेको अङ्कको ५% र गैर नेपाली नागरिक भए आफुले कबुल गरेको अङ्कको १०% धरौटी रकम यस नगरपालिकाको नेपाल बैंक लिमिटेड, बयलवास शाखामा रहेको धरौटी खाता नं. १०९०३०००००००३००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७५ दिन म्याद भएको बिडबण्डको सक्कल प्रति दरभाउ पत्र फारम साथ संलग्न राखी पेश गर्नु पर्नेछ ।
६. दरभाउ पत्र दाताले भरेको कबुल रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
७. ठेक्का वापत नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने सबै कर ठेकेदारले बुझाउनु पर्नेछ ।
८. ठेक्का स्वीकृत भई किस्ता बन्दीमा रकम दाखिला गर्न चाहेमा पहिलो किस्ता सम्झौता गर्नु पूर्व र बाँकी किस्ताको रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।
९. समयमा किस्ता रकम नबुझाएमा बैंक ग्यारेन्टीबाट नगरपालिकाले किस्ता रकम असुलउपर गर्नेछ ।
१०. ठेकेदारले दरभाउ पत्र फाराम साथ संलग्न दररेट अनुसार कर संकलन गर्नु पर्नेछ ।
११. कुनै कारण देखाई वा नदेखाई दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिका कार्यालयमा निहित रहनेछ ।
१२. ठेक्का चलन ठेक्का सम्बन्धी कबुलियतनामा र पट्टा बमोजिम मात्र गर्न पाईनेछ । कानूनले निषेध गरेको सामग्रीमा कर तथा सेवा शुल्क असुल गर्न पाईने छैन ।
१३. दरभाउ पत्रदाता र नगरपालिका कार्यालय बिच कुनै किसिमको मत भिन्नता उत्पन्न भए नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।
१४. यस सूचनामा उल्लेख नभएका कुराको हकमा स्थानीय सरकार संचालन ऐन-२०७४, सार्वजनिक खरिद ऐन/नियमावली, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र अन्य प्रचलित कानून अनुसार हुनेछ । थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।
१५. दरभाउ पत्र नं. १/२०७५-०७६ बाखा बजारको हकमा प्रथम पटकको सूचना अनुसार पेश भएका ४ वटै शिलबन्दी दरभाउ पत्रमा कवोल अंक एकै भएको कारण ठेक्का रद्द भएको हुँदा निजहरुको हकमा पुन शिलबन्दी दरभाउपत्र पेश गर्ने भएमा पहिले पेश गरेको धरौटी रकममा नपुग हुने रकम बराबरको बैंक भौचर पुनः पेश गर्नु पर्नेछ ।

**तपसिल**

| दरभाउ पत्र नं. | ठेक्काको किसिम | न्यूनत्तम ठेक्का अङ्क रू. | दरभाउ पत्र फारम दस्तुर रू. |
|---|---|---|---|
| १/२०७५-०७६ | महेन्द्र बजारको बाखा बजार वडा नं. ६ | ४,००,०००।०० | १,०००।०० |
| २/२०७५-०७६ | विरेन्द्र बजार वडा नं. २ | १०,०००।०० | १,०००।०० |
| ३/२०७५-०७६ | भक्तिपुर बजार वडा नं. ३ | ५,०००।०० | १,०००।०० |
| ४/२०७५-०७६ | ईश्वरपुर खाल्टे बजार वडा नं. ८ | १५,०००।०० | १,०००।०० |
| ५/२०७५-०७६ | रामनगर बजार वडा नं. ९ | ५,०००।०० | १,०००।०० |

प्रमुख प्रशासकीय अधिकृत